यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०८/२०८०-०८१ मिति २०८०/११/२९ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ ।

## संवत् २०८० साल फागुन २९ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुः

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | महिला बालबालिका तथा सामाजिक इकाइ | गाउँपालिका भित्र बसोबास गर्ने ज्येष्ठ नागरिकहरुको रेखदेख, सेवा सुविधा, स्वास्थ्य लगायतको व्यवस्थापन गर्न ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १५ को उपदफा (१) अनुसार गाउँपालिकास्तरीय ज्येष्ठ नागरिक समिति गठन गर्ने । |
| २. | योजना/पूर्वाधार शाखा | सुदूरपश्चिम प्रदेश,प्रदेश नीति तथा योजना आयोग धनगढी, कैलालीको मिति २०८०/११/३० गते प्रकाशित प्रदेश स्थित स्थानीय तहमा आर्थिक वर्ष २०८१/०८२ का लागि प्रदेश समपूरक तथा विशेष अनुदान अन्तरगत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम प्रदेश समपूरक तथा विशेष अनुदान अन्तरगतका आयोजना/कार्यक्रम माग गर्ने । |
| ३. | प्रशासन शाखा | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा अपिहिमाल गाउँपालिकाको प्रशासनिक कार्यविधिलाई (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम पेशहुन आएका कार्यविधिहरु स्वीकृत गर्ने । |
| ४. | प्रशासन शाखा | यस गाउँपालिका क्षेत्र भित्र निर्माण भई सञ्चालनमा आएका अपि हाइड्रोपावर कम्पनी लिमिटेड र मकरीगाड हाइड्रोपावर कम्पनीबाट अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ७ को उपदफा (२) तथा अनुसूची ४ बमोजिम पाउनुपर्ने रोयल्टी हाल सम्म प्राप्त हुन नसकेकोले उल्लिखित कानून वमोजिम रोयल्टी वापतको रकम गाउँपालिकाको संचित कोषमा जम्मा हुने गरी व्यवस्था मिलाइदिन हुन प्राकृतिक स्रोत तथा वित्त आयोग लाई अनुरोध गर्ने । |
| ५. | आर्थिक प्रशासन शाखा | राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौंको मिति २०८०/०८/३० गतेको प्रकाशित प्रदेश सरकार र स्थानीय तहमा आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय विशेष अनुदान अन्तरगत आयोजना माग गर्न तयार गरिएको लमथ्याङ देखि तामाखानी सम्मको फुटट्रेल सम्बन्धी विस्तृत इन्जिनियरिङ्ग अध्ययन प्रतिवेदन (डिपिआर) स्वीकृत गर्ने । |
| ६. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिकाको आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, नागरिकको जीवनस्तर आम्दानी र रोजगार बढ्ने तथा स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने आयोजना तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन गर्ने गरी संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकाय सँग माग गर्ने । |
| ७. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/१०/२९ गतेको सातौं बैठकबाट मिति २०८०/११/०४ गते देखि गाउँपालिकाका सबै वडाका वस्ती स्तरमा शिविर संचालन गर्ने गरी भएको निर्णय बमोजिम शिविरमा कर्मचारीको परिचालन तथा शिविरको व्यवस्थापनका लागि भएको खर्च "जात्रा व्यवस्थापन" शीर्षकबाट भुक्तानी दिने। |

रविन्द्र सिंह बोहरा

| | | |
|---|---|---|
| ८. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं. १ र ३ का कार्यालय भवन निर्माणका लागि जग्गादान दिएका जग्गादाताको नामबाट सम्बन्धित वडा कार्यालयको नाममा नामसारी गर्ने कार्यका लागि भएको खर्चको "भूमिहिन, दलित तथा अव्यवस्थित बसोवासी कार्यक्रम संचालन" शीर्षकबाट भुक्तानी दिने । |
| ९. | प्रशासन शाखा | यस गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेको दरबन्दीमा पदपूर्तिका लागि कार्यालयबाट मिति २०८०/११/०८ गते पदपूर्ति सम्बन्धी आवहान गरिएको सूचना बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारहरुको परीक्षा संचालन गरी सेवा करारमा नियुक्तिका लागि सिफारिस गरिएका उम्मेदवारलाई अनुमोदन तथा सहमती दिने । |
| १०. | आर्थिक प्रशासन शाखा | गाउँ कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७९/०८० मा भुक्तानी बाँकीको खाता कच्चावारी (म.ले.प.फा.न.२२१ साविक फाराम नं. १८) तयार गरी गाउँ सभाको सत्रौ अधिवेशनबाट स्वीकृत भएको हुँदा सो वडास्तरीय खेलकूद कार्यक्रमको खेलकुद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने । |
| ११. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिका र सडक बोर्ड नेपाल सँगको साझेदारीमा वडा नं. ५ को घोढेभिटा स्थित मकरीगाड सडको मर्मत (निर्माण) कार्यको बढी भएको लागतको मेशिनरी तथा औजार शीर्षकबाट भुक्तानी दिने। |
| १२. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिक(मंसिर देखि फागुन महिना सम्म) को स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ को उपदफा (३) अनुसार गाउँ कार्यपालिकाको कार्यालयबाट पेश हुन आएको आय र व्ययको विवरण उपर छलफल गरी सार्वजनिक गर्ने । |
| १३. | शिक्षा यूवा तथा खेलकुद शाखा | नेपाल सरकारबाट यूवा तथा खेलकूद तर्फ शर्सत अनुदान अन्तरगत यूवा स्वयंसेवक विकास र परिचालन शीर्षकमा प्राप्त बजेट खर्च तथा भुक्तानी हुने गरी राष्ट्रिय यूवा परिषद सानोठिमी भक्तपुरको आर्थिक वर्ष २०८०/०८१ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन पुस्तिका बमोजिम गाउँपालिकाको बस्तु स्थिति विवरण तयारी तथा अद्यावधिकका लागि यूवा स्वयंसेवक परिचालन गर्ने । |
| १४. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिका वडा नं.४ चौविसनमा निर्माणाधिन औद्योगिकग्राम घेरपर्खाल (ठेक्का नं.07/079-080/ZVBWC/NCB/AHRM) निर्माणकर्ता श्री अपिहिमाल निर्माण सेवा एण्ड बुढाथोकी सप्लायर्स, अपिहिमाल गा.पा.६ सितोला दार्चुलाको निर्माण कार्यको समायावधि (म्याद थप) सम्बन्धी निवेदन पेश गरेको हुँदा सो ठेक्काको म्याद २०८० चैत्र मसान्त सम्म म्याद थप गर्ने । |
| १५. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिका वडा नं.४ मा स्थित श्री खण्डेश्वरी माद्यमीक विद्यालयमा स्वयंसेवक शिक्षकका रुपमा खटि आएका जर्मन स्वयंसेवक शिक्षक (२ जना) को खाना/बास खर्च वापतको विलभर्पाई अनुसारको खर्च जात्रा व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने । |
| १६. | प्रशासन शाखा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत विभिन्न मितिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव माथि छलफल गर्दा उक्त सुझावको कार्यान्वयन गर्ने । |
| १७. | योजना/पूर्वाधार शाखा | अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय दार्चुलाको च.नं.६८९, मिति २०८०/१०/२९ गते प्राप्त पत्रानुसार यस गाउँपालिकामा वडा नं.१,२ र ६ मा एउटा समिति र वडा नं.३,४ र ५ मा एउटा गरी दुईवटा समिति गठन गर्ने तथा प्रत्येक वडामा कति समुह रहने भन्ने विषयमा समिति गठन पश्चात वडा समितिको बैठकमा छलफल गरी आवश्यक सहजिकरण गर्ने । |
| १८. | योजना/पूर्वाधार शाखा | अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य संचालन कार्यविधि, २०८० को दफा ३ बमोजिमको गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट सोही कार्यविधिको दफा १६ को उपदफा |

| | | |
|---|---|---|
| | | अनुगमन सम्बन्धी पेश हुन आएको प्रतिवेदनमा समावेश भएका सुझावहरुको कार्यान्वयन गर्ने, |
| १९. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिका भित्र रहेका गुठी जग्गाहरुको मालपोत रैकर सरह हुनपर्ने कानुनी व्यवस्था अनुरुप चालु आर्थिक वर्षका लागि गाउँसभाबाट सबै किसिमका जग्गाको दश रोपनी भन्दा माथि प्रति रोपनी रु.१०।०० (अक्षररुपी दश रुपैयाँ मात्र) तोकिएको हुँदा गुठी जग्गाको पनि सोही अनुसार मालपोत कर तोक्ने र सोको जानकारी सम्बन्धित निकायमा दिने । |
| २०. | प्रशासन शाखा | खण्डेश्वरी प्रहरी चौकीमा अस्थाई ईलाका प्रहरी कार्यालयको स्थापनाका लागि जिल्ला सुरक्षा समिति,दार्चुला मार्फत नेपाल सरकार गृह मन्त्रालयसँग अनुरोध गर्ने। |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालि

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल